# समाचार पत्र–मार्च २०२४

## नेपालमा भारतका झलकहरु

### अन्तर्राष्ट्रिय नारी दिवस उत्सव




काठमाडौंस्थित भारतीय राजदूतावासले माइती नेपालसँगको सहकार्यमा माइती नेपालको प्रांगणमा मिति २०८० फाल्गुण २३ गते अन्तर्राष्ट्रिय नारी दिवस मनायो । “Invest in Women: Accelerate Progress” र “Inspire Inclusion” भन्ने नाराका साथ महिलाहरुको योगदानको सम्मान एवम् कदर गर्न उक्त कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपालकै पहिलो महिला मुख्यमन्त्री श्रीमती अष्टलक्ष्मी शाक्य प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा माइती नेपालकी संस्थापक श्रीमती अनुराधा कोइरालासँगै भारतीय राजदूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव पनि सहभागी हुनुहुन्थ्यो ।

थप जानकारी...

March 2024 © Embassy of India, Kathmandu.

# भूकम्पपछिको पुनर्निर्माण परियोजनाको उद्घाटन




नेपालको सांस्कृतिक सम्पदा क्षेत्रका लागि भारत सरकारले उपलब्ध गराएको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोग अन्तर्गत नेरु. १३.७८ करोडमा निर्माण गरिएको ललितपुरस्थित श्री जेष्ठ वर्ण महाविहारको नयाँ भवनको नेपाल सरकार शहरी विकास मन्त्रालयका माननीय मन्त्री श्री धन बहादुर बुढा र नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवले मिति २०८० चैत्र ९ गते संयुक्त रुपमा उद्घाटन गर्नुभयो । सो समारोहमा ललितपुर विकास समाजका अध्यक्ष श्री बुद्धिराज बज्राचार्य, स्थानीय समुदायका प्रतिनिधि, नेपाल सरकार तथा भारतीय राजदूतावासका अधिकारीको उपस्थिति रहेको थियो ।

थप जानकारी...

# डोटी जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास








'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको करिब नेरु. २.८९ करोड आर्थिक सहयोगमा नेपालको डोटी जिल्लाको बडीकेदार गाउँपालिकास्थित श्री केदार ज्योतिपुञ्ज बहुमुखी क्याम्पसको लागि निर्माण गरिने भवनको मिति २०८० फाल्गुण २७ गते बडीकेदार गाउँपालिकाका अध्यक्ष श्री भैरव बहादुर साउद र काठमाडौंस्थित भारतीय राजदूतावासका द्वितीय सचिव श्री प्रशान्त सोनाले शिलान्यास गर्नुभयो ।

थप जानकारी...

March 2024 © Embassy of India, Kathmandu.

# पुनर्निर्माण परियोजनाको निर्माणका लागि शिलान्यास





काठमाडौंस्थित भारतीय राजदूतावासका द्वितीय सचिव श्री प्रशान्त कुमार सोना, भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा र नेपाल सरकार केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) का आयोजना निर्देशक श्री कोशनाथ अधिकारीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिकामा पुनर्निर्माण गरिने लिस्टीकोट घ्याङ गुम्बाको मिति २०८० चैत्र ८ गते संयुक्त रुपमा शिलान्यास गर्नुभयो । उक्त कार्यक्रममा वार्ड अध्यक्ष, सामुदायिक सदस्य तथा नेपाल सरकार केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) का अधिकारीहरुले सहभागीता जनाएका थिए ।

थप जानकारी...

March 2024 © Embassy of India, Kathmandu.

# ५९ औं आइटेक दिवस उत्सव




भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० चैत्र ९ गते ५९ औं भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवस मनायो । वरिष्ठ राजनीतिक नेता, सरकारी अधिकारी र भारतीय शैक्षिक संस्थाका प्रमुख पूर्व नेपाली विद्यार्थी गरी करिब ३०० जना अतिथिको उक्त कार्यक्रममा उपस्थिति थियो । आइटेक अन्तर्गत आफूले बटुलेको अनुभवबारे प्यानल छलफलमा प्रतिष्ठित आइटेक एलुमनाईले पनि सहभागीता जनाएका थिए । सन् २०२३–२०२४ मा, नेपालको सन्दर्भमा अहिलेसम्मकै उच्च, ४४० भन्दा बढी आइटेक सिट नेपालका अधिकारी र पेशाकर्मीले उपयोग गरेका थिए । कार्यक्रममा प्रख्यात कलाकार काकाली बोसले प्रस्तुत गर्नुभएको सांस्कृतिक ओडिसी नृत्यले दर्शकलाई मोहित बनाएको थियो ।

थप जानकारी...

# २२ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस








काठमाडौंस्थित भारतीय राजदूतावासले मिति २०८० चैत्र २ गते २२ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस मनायो । कार्यक्रममा नेपालका प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति, डिन, रजिष्ट्रार, वरिष्ठ अधिकारी र विद्यालयका प्रधानाध्यापकको उपस्थिति थियो। उक्त कार्यक्रममा करिब २०० जना विद्यार्थीले उत्साहजनक रुपमा सहभागीता जनाएका थिए । राजदूतले मेडिसिन, इन्जिनियरिङ र व्यवस्थापन लगायतका स्नातक तहमा उत्कृष्ट प्रदर्शन गरेका स्वर्ण जयन्ती छात्रवृत्ति विजेता विद्यार्थीलाई रोल अफ अनर प्रदान गर्नुभयो । आइसीसीआरका विद्यार्थीले भरतनाट्यम र नेपाली लोक नृत्य प्रस्तुत गरी कार्यक्रममा उपस्थित दर्शकहरुलाई मन्त्रमुग्ध पारेका थिए।

थप जानकारी...

# नेपाली सेनाको स्थापना दिवस उत्सव








मिति २०८० फाल्गुण २५ गते नेपाली सेना स्थापनाको २६१ औं वार्षिकोत्सवको अवसरमा भारतीय सेनाको महार रेजिमेन्ट विशेष निमन्त्रणामा मिति २०८० फाल्गुण १९–२७ गतेसम्म नेपालको भ्रमणमा आएको थियो । सो सैनिक रेजिमेन्टले नेपाली सेनालाई भारतीय सेनाको तर्फबाट सद्भाव र शुभकामना व्यक्त गर्दै  नेपाली सेना दिवस परेडमा सहभागीता जनाएको थियो । सो समारोहमा वरिष्ठ सरकारी अधिकारी, सशस्त्र बलका वरिष्ठ अधिकारी, रक्षा सहचरी तथा नेपाली समुदायका प्रतिनिधिहरुले सहभागीता जनाएका थिए ।

# नेपाल आर्थिक पत्रकार समाजका पत्रकारका लागि ब्रिफिङ र प्रतिक्रिया सत्र









नयाँ दिल्लीको भारतीय जनसंचार संस्थान (आईआईएमसी) मा दुई हप्ते प्रशिक्षण कार्यक्रमका लागि सन् २०२३ डिसेम्बरमा भारत गएका नेपाल आर्थिक पत्रकार समाजका पत्रकारका लागि भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० चैत्र १ गते ब्रिफिङ र प्रतिक्रिया सत्रको आयोजना गर्यो। सो सत्रले नेपाल–भारत सहकार्यका नयाँ क्षेत्रबारे छलफल गर्ने अवसर प्रदान गरेको थियो । कार्यक्रममा पत्रकारहरुले भ्रमणबारे आफूले बटुलेका महत्वपूर्ण विचार एवम् अनुभव साझा गरेका थिए ।

# भारत–नेपाल आयुष प्रदर्शनी तथा सम्मेलन







भारत सरकारको आयुष मन्त्रालयको सहयोगमा भारतीय चेम्बर अफ कमर्स (आईसीसी) ले मिति २०८० फाल्गुण २४–२८ गतेसम्म आयोजना गरेको भारत–नेपाल आयुष प्रदर्शनी तथा सम्मेलनमा भारतीय राजदूतावास, काठमाडौंले सहभागीता जनाएको थियो । आयुष प्रदर्शनी हलमा आयुष क्षेत्रसँग सम्बन्धित २२ वटा कम्पनीले आ–आफ्ना उत्पादन प्रर्दशनीमा राखेका थिए । दूतावासका कमर्स प्रभागका प्रथम सचिव श्री सुमन शेखरले उद्घाटनमा सहभागी हुनुका साथै निर्यातकर्तासँग अन्तरक्रिया गर्नुभएको थियो ।

# देखो अपना देश पिपल्स च्वाइस २०२४ तथा चलो इन्डिया– ग्लोबल डायस्पोरा अभियानको लाइभ स्ट्रीम शुभारम्भ







भारतीय राजदूतावास, काठमाडौंले नेपालमा रहेका भारतीय डायस्पोरा र व्यापार समुदायसँगै मिति २०८० फाल्गुण २४ गते देखो अपना देश पिपल्स च्वाइस २०२४ तथा चलो इन्डिया– ग्लोबल डायस्पोरा अभियानको लाइभ स्ट्रीम शुभारम्भका लागि एक कार्यक्रमको आयोजना गर्यो । माननीय प्रधानमन्त्री नरेन्द्र मोदीले करिब ५००० करोड रुपैयाँको Holistic Agriculture Development Programme राष्ट्रका निम्ति समर्पित गर्नुभयो र स्वदेश दर्शन र प्रसाद योजना अन्तर्गतको १४०० करोड रुपैयाँभन्दा माथिको पर्यटन क्षेत्रसँग सम्बन्धित थुप्रै परियोजनाको सुरुवात गर्नुभयो । प्रधानमन्त्रीले देशभरका तीर्थस्थल र पर्यटकीयस्थलको व्यापक विकास गर्ने ४३ वटा आयोजनाको पनि शुभारम्भ गर्नुभयो । उक्त अवसरमा चुनौतीमा आधारित गन्तव्य योजनाका लागि छनोट गरिएका पर्यटकीय गन्तव्यहरुको पनि घोषणा गरिएको थियो ।

# नेपालका अधिकारी तथा किसानसँग अन्तरक्रियात्मक प्रतिक्रिया सत्र








उच्च भेगमा फल्ने अर्गानिक स्याउ र ओखर खेतीको क्षेत्रमा प्रशिक्षण तथा क्षमता विकासका लागि भारतको १० दिने भ्रमण सम्पन्न गरेका अधिकारी तथा किसान सहितको ३० जनाको नेपाली टोलीका लागि भारतीय राजदूतावास,काठमाडौंले मिति २०८० फाल्गुण २४ गते एक कार्यक्रमको आयोजना गर्यो । भारत सरकारको अनुदान सहयोग अन्तर्गत सो प्रशिक्षण हिमाचल प्रदेशको नौणीस्थित डा. वाई एस परमार युनिभर्सिटी अफ हर्टिकल्चर एण्ड फरेस्ट्रीले प्रदान गरेको हो । सहभागीहरुले कार्यक्रमबारे आफ्ना महत्वपूर्ण विचार एकअर्कासँग साटासाट गरेका थिए ।

March 2024 © Embassy of India, Kathmandu.

सत्यमेव जयते

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# भारतीय संस्थानहरुबाट अध्ययन गरेका नेपाली आर्किटेक्टहरुका लागि अन्तरक्रिया कार्यक्रम










भारतीय संस्थानहरुमा अध्ययन गरेका नेपाली आर्किटेक्टहरुका लागि भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० चैत्र ५ गते एक अन्तरक्रिया सत्रको आयोजना गर्यो । कार्यक्रममा नेपालका पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईसहित करिब ५० जना प्रतिष्ठित एलुमनाई आर्किटेक्टको सहभागीता रहेको थियो । कार्यक्रममा भूतपूर्व विद्यार्थीले बटुलेको अनुभव, विचार, दूरदृष्टिबारे कुराकानी गर्नुका साथै भारतीय आर्किटेक्ट अनु मृदुलले जल सम्पदा संरक्षणमा प्रस्तुति दिनुएको थिए । कार्यक्रममा राजदूत नवीन श्रीवास्तवले जनता–जनताबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन र भारत र नेपालबीचको सहकार्य र सहयोगलाई अझ मजबुत बनाउन एलुमनाई सञ्जालको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताउनुभयो । 'सप्तसुर' नारीले प्रस्तुत गरेको मनै लोभ्याउने वाद्यवादन साङ्गीतिक प्रस्तुतिसँगै साँझको कार्यक्रम समापन भएको थियो ।

# नेपालका पशु चिकित्सक तथा वनरक्षकसँग अन्तरक्रियात्मक प्रतिक्रिया सत्र








बाँदर बन्ध्याकरणबारे प्रशिक्षण र क्षमता विकासका लागि भारतको ६ दिने भ्रमण सम्पन्न गरेका पशु चिकित्सक तथा वनरक्षकसहितको १५ जनाको टोलीलाई भारतीय राजदूतावास, काठमाडैंले मिति २०८० चैत्र ११ गते एक कार्यक्रमको आयोजना गर्यो । भारतको अनुदान सहयोगमा सो प्रशिक्षण कार्यक्रम हिमाचल प्रदेशको शिमलाको टूटीकंडीस्थित बाँदर बन्ध्याकरण केन्द्रले प्रदान गरेको थियो । सहभागीहरुले कार्यक्रमबारे आफ्ना महत्वपूर्ण विचार एकअर्कासँग साटासाट गरेका थिए ।

# शिव साधना–महाशिवरात्री उत्सव








मिति २०८० फाल्गुण २३ गते महाशिवरात्रिको साँझ पशुपतिनाथ मन्दिरको पवित्र परिसरमा भगवान शिवको आराधना गरी मनै लोभ्याउने एक सांस्कृतिक कार्यक्रम 'शिव साधना' को आयोजना गरियो । कल्चरल काउन्सिल नेपाल र दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका कलाकारहरुले शास्त्रीय गीत, भजन र नृत्य प्रस्तुत गरेका थिए । पशुपति क्षेत्र विकास कोषले उपलब्ध गराएको स्थलमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र नेपाल पर्यटन बोर्डले संयुक्त रुपमा सांस्कृतिक कार्यक्रमको आयोजना गरेका थिए र सयौं जनाले उक्त कार्यक्रममा सहभागीता जनाएका थिए ।

March 2024© Embassy of India, Kathmandu.

# पोखरामा ओडिसी नृत्य कार्यक्रमको आयोजना




पर्यटन राजधानी पोखराको फेवा लेकसाइडमा नेपालको लाखे नाच र भारतको ओडिसी नृत्यमार्फत भारतीय राजदूतावास, काठमाडौंको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० चैत्र १० गते भारत र नेपालको समृद्ध सांस्कृतिक सम्पदा मनायो । गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो र कार्यक्रममा ५०० भन्दा बढी मानिसको उपस्थिति थियो ।

# लुम्बिनीमा ओडिसी नृत्य कार्यक्रमको आयोजना







भारत–नेपाल सांस्कृतिक सम्बन्धलाई सुदृढ गर्दै भारतीय राजदूतावास, काठमाडौंको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र लुम्बिनी विकास कोषले भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा मिति २०८० चैत्र ११ गते ओडिसी नृत्य कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा लुम्बिनीका माननीय गृहमन्त्री श्री सन्तोष कुमार पाण्डे प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो र कार्यक्रममा सहभागीहरुको बाक्लो उपस्थिति थियो ।

# नेपाल–भारत साहित्य महोत्सव












भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० चैत्र ७ गते नेपाल–भारत साहित्य महोत्सवकै एक हिस्साको रुपमा एक कार्यक्रमको आयोजना गर्यो जसमा पुस्तक विमोचन, प्यानल छलफल र लघुकथा वाचन समावेश थिए । नेपाल प्रज्ञा प्रतिष्ठानका उपुकुलपति श्री भूपाल राई कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो भने ‘हाम्रो लघुकथा केन्द्र’ की अध्यक्ष श्रीमती लता केसी विशिष्ट अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा नेपालका प्रख्यात लघुकथा लेखक श्री नारायण तिवारी र श्री स्नेह सायमीले आफ्ना भनाई राख्दै आफ्ना नेपाली लघुकथा वाचन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथिले डा. श्वेता दीप्तीको हिन्दी लघुकथा संग्रह ‘टुकडों मे बटी जिन्दगी’ को विमोचन गर्नुभयो ।  नेपाल–भारत पुस्तकालयमा आयोजित कार्यक्रममा प्रख्यात साहित्यिक व्यक्तित्व, भाषाविद् र लेखकहरुको उपस्थिति रहेको थियो ।

# SIYOM को साङ्गीतिक प्रस्तुति









जनता–जनताबीचको सम्बन्धलाई सुदृढ गर्नका लागि नेपाल र भारतको सांस्कृतिक सम्पदा प्रदर्शन गर्ने प्रयासको रुपमा भारतीय राजदूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० चैत्र १४ गते एक साङ्गीतिक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रममा इम्फाल, मणिपुरको लोक आधारित साङ्गीतिक समूह SIYOM ले आफ्नो साङ्गीतिक प्रस्तुतिमार्फत मणिपुरको भावपूर्ण जातीय सङ्गीत पस्केका थियो । विद्यालय तथा कलेजका विद्यार्थी लगायत सङगीत प्रेमीहरुले उक्त साङ्गीतिक साँझको मजा लिएका थिए ।

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# केही छुटाउनुभयो कि!

## माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भुटान भ्रमण (मिति २०८० चैत्र ९–१०)





भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० चैत्र ९–१० गतेसम्म भुटानको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका दौरान प्रधानमन्त्रीले भुटानका शीर्ष नेताहरुसँग भेटघाट गर्नुका साथै Gyaltsuen Jetsun Pema Wangchuk Mother and Child Hospital को उद्घाटन गर्नुभएको थियो जुन स्वास्थ्य सेवामा दुई देशबीच कायम बलियो साझेदारीको एक ज्वलन्त उदाहरणको रुपमा रहेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीलाई भुटानको सर्वोच्च नागरिक सम्मान ‘अर्डर अफ द ड्रुक ग्याल्पो’ बाट सम्मानित गरिएको थियो ।

थप जानकारी...

March 2024 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि!

## विदेशमन्त्री डा. एस. जयशंकरको गणतन्त्र कोरिया र जापानको भ्रमण (२०८० फाल्गुण २२–२५)






भारतका विदेशमन्त्री डा. एस जयशंकरले मिति २०८० फाल्गुण २२–२५ गतेसम्म गणतन्त्र कोरिया र जापानको द्विपक्षीय भ्रमण गर्नुभएको थियो । फाल्गुण २२–२३ गतेसम्म सियोल भ्रमणमा रहनुभएका विदेशमन्त्रीले गणतन्त्र कोरियाका विदेशमन्त्री महामहिम छो टे–यलसँग १० औं भारत–गणतन्त्र कोरिया संयुक्त आयोग बैठकको सहअध्यक्षता गर्नुभएको थियो । जापानका विदेशमन्त्री महामहिम कामिकावा योकोसँग १६ औं भारत–जापान विदेशमन्त्री रणनीतिक सम्वादका लागि भारतीय विदेशमन्त्रीले मिति २०८० फाल्गुण २३–२५ गतेसम्म जापानको भ्रमण गर्नुभएको थियो ।


March 2024 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि!

## भारतको पहिलो अन्डरवाटर मेट्रो ट्रान्सपोर्टेसन



भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० फाल्गुण २३ गते कोलकाता मेट्रोको पूर्व–पश्चिम करिडोरको हावडा मैदान–एस्प्लेनेड खण्डमा भारतकै पहिलो अन्डरवाटर मेट्रो सर्भिसको शुभारम्भ गर्नुभयो । ४,९६५ करोड लागतमा निर्माण गरिएको यो पूर्व–पश्चिम मेट्रो कोरिडोरको १६.६ किलोमिटरको भाग हो । इन्जिनियरिङ चमत्कार मानिने यो परियोजना कोलकाता मेट्रो रेल कर्पोरेशन लिमिटेडले कार्यान्वयन गरेको हो । कुल पूर्व–पश्चिम मेट्रो कोरिडोर मध्ये, नदी मुनि सुरुङ सहित लगभग १०.८ किलोमिटर अण्डरग्राउण्ड रहेको छ । यस परियोजनालाई एन्टी–कोलाइजन र स्वचालित ट्रेन नियन्त्रण संयन्त्र जस्ता प्रणाली प्रयोग गरी परिष्कृत सुरक्षा उपायहरु सहित कार्यान्वयन गरिएको छ । सन् २०२३ अप्रिलमा, भारतमा पहिलो पटक पानीको सतहभन्दा ३२ मिटर तल सुरुङमार्फत हुगली नदी मुनि सफल परीक्षण यात्रा पनि गरिएको थियो ।

March 2024 © Embassy of India, Kathmandu.

# यहाँ जानुभएको छ?

## काजिरंगा राष्ट्रिय निकुञ्ज



काजिरंगा राष्ट्रिय निकुञ्ज यस्तो ठाउँ हो जहाँ प्रकृतिले लाखौं रंगहरूमा आफ्नो असली रूप खोल्छ, जहाँ वन्यजन्तुहरु निस्फिक्री घुम्छन्, जहाँ मानिस र प्रकृतिको भेट हुन्छ । यो भारतको उत्तर–पूर्वी भागमा आसाम राज्यको गोलाघाट र नागाउँ जिल्लामा अवस्थित छ । लोपोन्मुख भारतीय एकसिङ्गे गैंडाको विश्वको दुई तिहाई जनसंख्या यहाँ पाइनुका साथै विश्वमै सबैभन्दा धेरै बाघको घनत्व भएको ठाउँ हो । यसको अद्वितीय प्राकृतिक वातावरणका लागि युनेस्कोले सन् १९८५ मै काजिरंगा राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा स्थलको रुपमा घोषणा गरेको थियो ।

थप जानकारी...

March 2024 © Embassy of India, Kathmandu.